वस्तुगत प्रश्नोत्तर

१. **४९ औं आसियान शिखर सम्मेलन कहिले र कहाँ सम्पन्न भएको हो ?**
उ. सन् २०२६ नोभेम्बर १४–१७, मनिला, फिलिपिन्स
– **उद्घाटन :** फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरद्वारा
– **प्रमुख विषय :** मध्यपूर्वको द्वन्द्व, म्यान्मारको आन्तरिक द्वन्द्व, दक्षिण चीन सागरको बढ्दो तनाव, क्षेत्रीय सुरक्षा, आर्थिक स्थायित्व तथा विश्वव्यापी द्वन्द्वले जर्जर आपूर्ति, व्यापार र अर्थतन्त्रमा पारेको प्रभाववारेमा छलफल केन्द्रित।
– उद्घाटन सत्रमा राष्ट्रपति मार्कोस जुनियरद्वारा भूराजनीतिक तनाव, आर्थिक अनिश्चितता, जलवायु परिवर्तन तथा सुरक्षा चुनौतीको सामना गर्न सदस्य राष्ट्रबिच क्षेत्रीय एकता, सहकार्य र सामूहिक प्रयास अपरिहार्य रहेको धारणा व्यक्त गरिएको।
– फिलिपिन्सद्वारा आसियानको अध्यक्षता सिङ्गापुरलाई हस्तान्तरण गरिएको।

२. **फिट्च रेटिङ्ड्सको सार्वभौम साख मूल्याङ्कन (सन् २०२६ नोभेम्बर) मा नेपालले कुन स्तर (रेटिङ) प्राप्त गरेको छ ?**
उ. 'बी बी माइनस'
– फिट्च रेटिङ्ड्सले स्थिर दृष्टिकोणसहित नेपालको सार्वभौम क्रेडिट रेटिङ लगातार तेस्रो वर्ष 'बी बी माइनस' कायम गरेको।
– फिट्चको सार्वभौम रेटिङ मोडेल (एआरएम) मा गत वर्ष ३.४७ रहेको नेपालको अङ्क यस वर्ष ०.९९ ले बढेर ३.६६ पुगेको छ। गत वर्ष गुणात्मक मूल्याङ्कनबाट एक तह थपेर 'बी बी माइनस' दिइएकोमा यस वर्ष नेपालले कुनै ग्रेस अङ्कबिना आफ्नै अङ्कका आधारमा यो रेटिङ प्राप्त गरेको हो।

३. **सन् २०२६ को प्रतिष्ठित बुकर पुरस्कार कसलाई प्रदान गरियो ?**
उ. एम जोन हयारिसन (बेलायती लेखक)
– हयारिसनलाई उनको उपन्यास 'दी इन्ड अफ एभिथिड' का लागि प्रदान गरिएको।
– ८१ वर्षीय बेलायती लेखक हयारिसनले सन् २०१९ मा ७९ वर्षको उमेरमा मागरिट एटवुडले बनाएको कीर्तिमान उछिन्दै बुकर इतिहासकै सबैभन्दा पाका विजेताको कीर्तिमान कायम गरेका।
– पुरस्कार राशि : ५० हजार पाउन्ड
– विज्ञान कथा तथा काल्पनिक विधामा आधारित 'दी इन्ड अफ एभिथिड' ले रहस्यमय जीवको आक्रमणपछि सामाजिक संरचना ध्वस्त भएको भविष्यको बेलायतको तटीय क्षेत्रको कथा प्रस्तुत गर्दछ, जसको कथावस्तु सन् २००८ को विश्वव्यापी आर्थिक सङ्कटबाट प्रभावित रहेको छ।
– ७६७ पुस्तकबाट छनिएका छ अन्तिम प्रतिस्पर्धीमध्येबाट उक्त कृति उत्कृष्ट चयन भएको हो।
– सन् १९६९ देखि प्रदान गर्न थालिएको यो पुरस्कारमा सन् २०१४ देखि बेलायत वा आयरल्यान्डमा प्रकाशित अङ्ग्रेजी भाषाका कृतिलाई लेखकको राष्ट्रियता नहेरी प्रतिस्पर्धामा सहभागी गराउने व्यवस्था गरिएको।

४. **'मदनदास श्रेष्ठ उत्कृष्ट पत्रकारिता सम्मान' २०८३ बाट कसलाई सम्मानित गरियो ?**
– कमलप्रसाद रिजाल (गोरखापत्र दैनिकका पूर्वप्रधान सम्पादक एवं वरिष्ठ पत्रकार)

५. **सन् २०२६ को एसिसी यु-१९ (१९ वर्षमुनि) एसिया कप क्रिकेटको उपाधि कुन राष्ट्रले जित्यो ?**
उ. भारत (उपविजेता : पाकिस्तान)
– संस्करण : १३ औं
– सञ्चालन मिति : सन् २०२६ नोभेम्बर ५–१४
– आयोजक राष्ट्र : ओमान
– सहभागी टोली : ८
– ढाँचा : ५० ओभर/पुथ एकदिवसीय।

६. **विश्व रेडियोग्राफी दिवस कहिले मनाइन्छ ?**
उ. नोभेम्बर ८
– सन् २०२६ को नारा : रेडियोग्राफीमा व्यावसायिकता।
– **दिवसको उद्देश्य :** रेडियोग्राफीलाई एक वृत्तिका रूपमा प्रवर्धन गर्नु, आधुनिक स्वास्थ्यसेवामा यसको महत्त्वपूर्ण योगदान उजागर गर्नु र निदानात्मक इमेजिङ तथा विकिरण चिकित्साबारे जनचेतना अभिवृद्धि गर्नु।

७. **नेपाल संवत्को सुरुवात गर्ने व्यक्तित्व को हुनुहुन्छ ?**
उ. शङ्खधर साख्वा
– **सुरुवात :** विसं ९३७ (सन् ८८०)
– विसं २०८३ कार्तिक २४ देखि ११४७ औं नेपाल संवत्को सुरुवात।
– राष्ट्रिय विभूति शङ्खधर साख्वाले विसं ९३७ अर्थात् सन् ८८० मा गरिब जनताको ऋणमोचन गरी नेपाल संवत् सुरुवात गराउनुभएको।
– नेपालको मौलिक संवत्का रूपमा रहेको नेपाल संवत्ले देशको इतिहास, संस्कृति र पहिचानलाई प्रतिनिधित्व गर्दै आएको।
– नेपाल संवत्लाई नयाँ वर्षका रूपमा मनाउँदै नेवार समुदायले यसै अवसरमा मः पूजा गरी आफ्नो शरीर तथा आत्माको पूजा गर्दै सुस्त, शान्ति, समृद्धि र सुस्वास्थ्यको कामना गर्ने परम्परा रहेको।

८. **कोशी प्रदेश सरकारले कुन दिनलाई 'भाषा दिवस' का रूपमा मनाउने निर्णय गऱ्यो ?**
उ. कार्तिक २४ गते
– कोशी प्रदेश मन्त्रीपरिषद् बैठकले प्रदेश सभाबाट पारित 'कोशी प्रदेश भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' विसं २०८३ कार्तिक २४ गते (महागुरु फाल्गुनन्द जयन्ती) देखि कार्यान्वयन गर्ने र सोही दिनलाई भाषा दिवसका रूपमा मनाउने निर्णय गरेको हो।
– उक्त विधेयकमा नेपालीसहित १४ वटा भाषालाई कोशी प्रदेशका सरकारी कामकाजका भाषाका रूपमा प्रयोगमा ल्याउने व्यवस्था गरिएको।

९. **पोर्चुगिज फुटबल स्टार क्रिस्टियानो रोनाल्डोले अन्तर्राष्ट्रिय फुटबलबाट सन्यास लिने घोषणा कहिले गरेका हुन् ?**
उ. सन् २०२६ नोभेम्बर ५
– ४१ वर्षीय पोर्चुगिज फुटबल स्टार क्रिस्टियानो रोनाल्डोले २३ वर्ष राष्ट्रिय टोलीको कप्तियनपछि अन्तर्राष्ट्रिय फुटबलबाट सन्यास लिने घोषणा गरेका हुन्।
– उनको कप्तानीमा पोर्चुगलले सन् २०१६ को युरो कप (पहिलो प्रमुख उपाधि) सहित सन् २०१९ र सन् २०२५ को नेसन्स लिगको उपाधि जितेको थियो।

१०. **नेपाल पर्वाधार सम्मेलन २०२६ का लागि तय गरिएको मिति कुन हो ?**
उ. विसं २०८३ मङ्सिर २३–२४ (सन् २०२६ डिसेम्बर ९–१०), काठमाडौं

११. **ऐतिहासिक कालिक नाच (नेपाल भाषामा 'कासि प्याखं') को प्रचलनकर्ता को हुन् ?**
उ. राजा सिद्धिनर्सिंह मल्ल
– विसं १६९७ (नेपाल संवत् ७६१) मा राजा सिद्धिनर्सिंह मल्लले यस नाचको सुरुवात गरेका थिए। यस नाचमा भगवान् विष्णुका विभिन्न अवतार, कृष्णलीला, धार्मिक आख्यान र लोकनाटक प्रस्तुत गर्ने गरिन्छ।

१२. **राष्ट्रिय जनगणना–२०७८ अनुसार नेपालको मातृ मृत्युदर कति रहेको छ ?**
उ. १५१ जना (प्रतिएक लाखमा)
– सबैभन्दा बढी मातृ मृत्युदर भएको प्रदेश लुम्बिनी र कम भएको प्रदेश बागमती रहेका छन्।

१३. **राष्ट्रिय कफी दिवस कहिले मनाइन्छ ?**
उ. मङ्सिर १
– २०८३ (२२ औं) को नारा : उत्पादनमा वृद्धि, गुणस्तरमा सुधार, नेपाली कफीको विश्व बजारमा विस्तार।
– नेपालमा विसं २०६२ बाट कफी दिवस मनाउन सुरु गरिएको।
– विश्व कफी दिवस अक्टोबर १ मा मनाइने।
– कफीमा पाइने तत्त्व : क्याफिन।
– कफीको घर मनेर इथियोपियालाई चिनिने।
– कफीका लागि प्रसिद्ध जिल्ला गुल्मी हो।
– विश्वमा सबैभन्दा बढी कफी उत्पादन हुने देश ब्राजिल हो।

१४. **साङ्घाई सहयोग सङ्गठनको २६ औं शिखर सम्मेलन कहिले र कहाँ सम्पन्न भएको हो ?**
उ. सन् २०२६ अगस्त ३१–सेप्टेम्बर १, बिस्केक, किर्गिस्तान
– यसको मुख्य विषयवस्तु 'एससिओका २५ वर्ष: दिगो शान्ति, विकास र समृद्धिका लागि सँगै' रहेको थियो।
– यस शिखर सम्मेलनको अध्यक्षता किर्गिज राष्ट्रपति सादिर जापारोभले गरेका।
– सन् २००१ मा स्थापित एससिओको २५ औं वार्षिकोत्सवसँगै किर्गिस्तानको यस २०२५–२०२६ को कार्यकाल समाप भएसँगै अध्यक्षता पाकिस्तानलाई हस्तान्तरण गरिएको।
– सन् २०२६ सम्ममा एससिओमा १० सदस्य राष्ट्र (संस्थापक चीन, रुस, कजाखस्तान, किर्गिस्तान, ताजिकिस्तान, उज्बेकिस्तान र पछि थप भाएका राष्ट्र भारत, पाकिस्तान, इरान र बेलारुस) तथा दुई पर्यवेक्षक राष्ट्र (अफगानिस्तान र मङ्गोलिया) रहेका।
– सेप्टेम्बर १ मा २५ औं वार्षिकोत्सवसम्बन्धी 'बिस्केक घोषणापत्र' सहित सुरक्षा, कृत्रिम बौद्धिकता (एआई), लाभ्रौषध नियन्त्रण, जैविक विविधता, ऊर्जा, जलवायु, आणविक सुरक्षा र क्षेत्रीय रसद (लजिस्टिक्स) सम्बन्धिएका अन्य २० वटा दस्तावेज पारित भएका।
– **घोषणापत्रका प्रमुख निष्कर्ष :** अमेरिका र इजरायलद्वारा इरानमाथि गरिएको सैन्य आक्रमणको निन्दा र दिवङ्गत इरानी सर्वोच्च नेता अली खामेनीप्रति समवेदना व्यक्त गर्दै इरानको शान्तिपूर्ण आणविक अधिकारको समर्थन, एकपक्षीय प्रतिबन्धको विरोध तथा 'दोहोरो मापदण्ड' बिना आतङ्ककवाद, पृथकतावाद र अतिवादविरुद्ध लड्ने प्रतिबद्धता व्यक्त गरिएको।
– ९० सदस्य राष्ट्रका प्रमुख, 'एससिओ पलस' ढाँचामा साझेदार देशका नेता तथा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायत अन्तर्राष्ट्रिय निकायका प्रमुख सहभागी भएको यस सम्मेलनको साझेदारीलगायत चीन र किर्गिस्तानबिच 'शाश्वत् असल छिमेकीपन, मित्रता र सहकार्य' सम्बन्धमा हस्ताक्षर भएको।

१५. **अनुसूचीको व्यवस्था नभएको नेपालको संविधान कुन हो ?**
उ. नेपाल अधिराज्यको संविधान, २०७२

१६. **नेपाल राष्ट्र बैङ्कले उपभोक्ता मूल्य सूचकाङ्क (सिपिआई) को आधार वर्ष परिवर्तन गरी कुन आव कायम गरेको छ ?**
उ. आर्थिक वर्ष २०८१/८२ (छैठौं पटक अद्यावधिक गरिएको)
– करिब एक दशकपछि सिपिआई गणनाका लागि आव २०७१/७२ लाई हटाएर आव २०८१/८२ लाई नयाँ आधार वर्षका रूपमा लागू गर्ने निर्णय भएको।
– राष्ट्र बैङ्कका अनुसार उपभोक्ता मूल्य सूचकाङ्कले घरधुरीले उपभोग गर्ने वस्तु तथा सेवाको औसत मूल्यमा समय अनुसार हुने परिवर्तनलाई मापन गर्ने। यसका लागि निश्चित 'बास्केट' भित्रका वस्तुलाई तौकिएको भारका आधारमा गणना गरिने।
– नयाँ आधार वर्ष लागू भएपछि उपभोग भारमा महत्त्वपूर्ण फेरबदल भएको। आव २०७१/७२ मा कुल उपभोगमा खाद्य तथा पेयपदार्थको हिस्सा ४३.९१ प्रतिशत रहेकोमा अहिले यो ३४.५९ प्रतिशतमा झरेको। त्यसै गरी गैरखाद्य तथा सेवाको हिस्सा ६६.०९ प्रतिशतबाट बढेर ६५.५१ प्रतिशत पुगेको।
– मूल्य सङ्कलनका लागि देशभरी बास्केट' पनि अद्यावधिक गरिएको। पहिले ४९६ प्रकारका वस्तु समावेश गरिएकोमा अहिले प्रयोगबाट हरार्दै गएका वा कम प्रचलनका सय वटा वस्तु हटाइएको। खाद्य समूहका वस्तु १६२ बाट घटेर १४४ कायम गरिएको छ भने गैरखाद्य र सेवा समूहका वस्तु ३३४ बाट बढेर ३८० पुगेका।
– राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको चौथो नेपाल जीवनस्तर सर्वेक्षणका तथ्याङ्क नै अब सिपिआई गणनामा मार हिस्सिनका आधार हुने। यसअघि राष्ट्र बैङ्कले आफ्नो छुट्टै घरधुरी बजेट सर्वेक्षणमार्फत भार निर्धारण गर्दै आएको थियो।
– राष्ट्र बैङ्कले सन् १९७३/७४ बाट मूल्य सूचकाङ्क प्रकाशन गर्न थालेको।

१७. **संयुक्त राष्ट्रसङ्घीय कृषि तथा खाद्य सङ्गठन (एफएओ) ले बालीको रोग पत्ता लगाउन सञ्चाललमा ल्याएको एप्स कुन हो ?**
उ. टेलिप्लान्ट डाक्टर

१८. **नेपालले बायो ट्राइभर्सिटी विधेयक नेसनल जुरिडिक्सन (बिबिएनजे) सम्बन्धी सम्झौतामा कहिले हस्ताक्षर गरेको हो ?**
उ. विसं २०८० असोज ७ (सन् २०२३ सेप्टेम्बर २०)

१९. **सरकारले तर्जुमा गरेको खाद्य प्रणाली रूपान्तरणको पाँचवर्से रणनीतिक योजनाको अवधि कुन हो ?**
उ. आव २०८१/८२–२०८६/८७

प्रस्तुतकर्ता : टङ्क केसी

विषयगत प्रश्नोत्तर

आन्तरिक नियन्त्रण प्रणाली



१. **आन्तरिक नियन्त्रण प्रणाली भनेको के हो ? आन्तरिक नियन्त्रण प्रणालीका सम्बन्धमा कोसो फ्रेमवर्कमा अन्तर्निहित तत्त्वहरूमाथि प्रकाश पार्नुहोस्। साथै सार्वजनिक निकायमा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन शासकीय तह र उच्च व्यवस्थापकीय तहमा रहने पदाधिकारीको भूमिका र जिम्मेवारी प्रस्तुत गर्नुहोस्।**
उ. सङ्गठनले सम्पादन गर्नुपर्ने कार्य जोखिमरहित ढङ्गबाट सम्पादन गर्दै निर्धारित उद्देश्य प्राप्त गर्न व्यवस्थापनद्वारा अवलम्बन गरिएका नीति, विधि, क्रियाकलाप तथा प्रणालीको समग्र रूपलाई आन्तरिक नियन्त्रण प्रणाली भनिन्छ। सङ्गठनमा सम्पादन गर्नुपर्ने कार्यलाई मितव्ययिता, प्रभावकारिता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, सम्पत्तिको संरक्षण गर्न, वित्तीय विवरणलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनको प्रभावकारी कार्यान्वयन गर्न व्यवस्थापनलाई आश्वस्तता प्रदान गर्नु यसको मुख्य उद्देश्य हो। यसले कार्यसम्पादनका सन्दर्भमा देखा परेका र पर्न सक्ने जोखिमको पहिचान तथा विश्लेषण गर्दै सोको न्यूनीकरणका लागि प्रभावकारी उपायको खोजी गर्दछ।
कोसो फ्रेमवर्कमा अन्तर्निहित तत्त्व
सङ्गठनका कार्यसञ्चालन तह, प्रतिवेदन तह र परिपालना तहका उद्देश्यहरू प्रभावकारी ढङ्गले हासिल गर्न व्यवस्थापनलाई मार्गदर्शन गर्न कोसो फ्रेमवर्कको विकास गरिएको छ। कोसो फ्रेमवर्कले परस्पर अन्तरसम्बन्धित देहायका पाँच तत्त्वलाई आन्तरिक नियन्त्रण प्रणालीका आधारभूत तत्त्वका रूपमा उल्लेख गरेको छ :

क) नियन्त्रण वातावरण
– आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता उपयुक्त नियन्त्रण वातावरणमा निर्भर रहने हुँदा यसलाई समग्र प्रणालीको आधारस्तम्भका रूपमा लिइन्छ। यस अन्तर्गत प्रचलित ऐन कानुन, नियामक निकायको अनुगमन, संस्थागत अनुशासन, असल कार्यसंस्कृति र कर्मचारीको क्षमता विकास र दक्षता, जिम्मेवार र जवाफदेही कार्यसंस्कृतिलगायतका विषय समावेश हुन्छन्। सार्वजनिक निकायको नियन्त्रण वातावरणको अवस्था मूल्याङ्कन गर्दा कानुनको पर्याप्तता, सङ्गठनको उपयुक्तता, उत्प्रेरित जनशक्ति, संरचनागत एवं परम्परा जिम्मेवारीको स्पष्ट बाँडफाँट, नैतिकता र अनुशासन, अनुगमन संयन्त्र र पालना, उत्तरदायी कार्यसंस्कार, असल कार्यवातावरण जस्ता आधारबाट मूल्याङ्कन गरिन्छ।

ख) जोखिम पहिचान तथा विश्लेषण
– सङ्गठनको उद्देश्य प्राप्तिमा अनिश्चितता हुनु नै जोखिम हो। यस्ता जोखिम आन्तरिक तथा बाह्य कारणबाट सिर्जना हुने गर्छन्। व्यवस्थापनले आफ्नो सङ्गठनको उद्देश्य प्राप्तिमा बाधा सिर्जना गर्ने अन्तरनिहित तथा सम्भावित जोखिमको पहिचान तथा विश्लेषण गरी सोको व्यवस्थापनका लागि उपयुक्त नियन्त्रण क्रियाकलाप तर्जुमा गर्नु पर्छ।

ग) नियन्त्रण क्रियाकलाप
– सङ्गठनको उद्देश्य प्राप्त गर्न अवलेाध सिर्जना गर्ने तत्त्व नियन्त्रण गर्न अवलम्बन गर्नुपर्ने क्रियाकलाप यस अन्तर्गत पर्छन्। यस्ता क्रियाकलाप नीतिगत, प्रणालीगत तथा क्रियाकलापगत रूपमा तयार गर्न सकिन्छ। कर्मचारीले यस्ता क्रियाकलापको पूर्ण पालना गरी जोखिमसहित ढङ्गबाट कार्यसम्पादन गर्न सकेमा सङ्गठनको उद्देश्य प्राप्त गर्न सहज हुन्छ।

घ) सूचना तथा सञ्चार
– तथ्य, तथ्याङ्क तथा सूचनाहरू सङ्गठनका महत्त्वपूर्ण स्रोत हुन्। कार्यसम्पादनमा सूचना तथा तथ्याङ्कको सही प्रयोग तथा कार्यसम्पादनबाट प्राप्त नतिजाको प्रतिवेदन आवधिक रूपमा सार्वजनिक गरी सरोकारवालासमक्ष सम्प्रेषण गर्नु पर्छ। यससे कर्मचारीलाई कार्यसम्पादनप्रति जवाफदेही र जिम्मेवार बनाउनुका साथै पारदर्शी कार्यसंस्कृतिको विकास गर्छ। यस अन्तर्गत वित्तीय तथा गैरवित्तीय र आन्तरिक एवं बाह्य दुवै किसिमका सूचना तथा विवरण पर्छन्। प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीका लागि नियन्त्रण वातावरण, अन्तर्निहित र सम्भावित जोखिम तथा नियन्त्रण क्रियाकलापबारेमा समेत आफ्ना कर्मचारीलाई पर्याप्त सूचना र सञ्चार गर्नु पर्छ।

ङ) अनुगमन क्रियाकलाप
– आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन अवस्था जाँच गरी त्यसमा रहेका कमीकमजोरी पत्ता लगाएर सुधारका लागि प्रणाली व्यवस्थापनसमक्ष प्रतिवेदन पेस गर्ने कार्य नै अनुगमन हो। यो कार्य व्यवस्थापक आफैंले वा समिति तोकेर निरन्तर रूपमा गर्नु पर्छ। अनुगमनबाट दिइएको सुधारका मार्गनिर्देशन कार्यान्वयन भए वा नभएको सम्बन्धमा नियमित ताकिता गर्नुपर्ने कार्यसमेत अनुगमन क्रियाकलाप अन्तर्गत पर्छन्।
आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताका लागि पदाधिकारीको भूमिका तथा जिम्मेवारी :

अ) शासकीय तहमा रहने पदाधिकारीको भूमिका : नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको शासकीय तहमा रहने पदाधिकारीको भूमिका र जिम्मेवारी देहायबमोजिम रहनछ :
– आन्तरिक नियन्त्रण वातावरण निर्माण गर्ने,
– नीतिगत मार्गदर्शन गर्ने,
– अनुगमन तथा मूल्याङ्कन गरी निर्देशन दिने,
– उच्च नैतिक चरित्र, इमानदारिता, व्यावसायिक निष्ठा प्रदर्शन गर्ने, गराउने।

आ) उच्च व्यवस्थापकीय तहमा रहने पदाधिकारीको भूमिका : तिनै तहका सरकारका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका वा अन्तर्गतका निकायको उच्च व्यवस्थापकीय तहमा त्यस्ता निकायका प्रशासकीय प्रमुख रहनछन्। उच्च व्यवस्थापकीय तहमा रहने पदाधिकारीको भूमिका र जिम्मेवारी देहायबमोजिम रहनछ :
– आन्तरिक नियन्त्रण वातावरण निर्माण गर्ने,
– आफ्नो सङ्गठनका लागि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने,
– नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन तथा सुपरीवेक्षण गर्ने,
– अनुगमनबाट देखिएका कमीकमजोरी सुधारका लागि आवश्यक निर्देशन दिने,
– आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा नीतिगत एवं प्रणालीगत रूपमा कुनै अवरोध सिर्जना भएमा त्यस्तो अवरोध हटाउन नीति तथा प्रणालीमा सुधार गर्ने,
– उच्च नैतिक चरित्र, इमानदारिता, व्यावसायिक निष्ठा प्रदर्शन गर्ने गराउने,
– सक्षम जनशक्ति प्राप्ति, विकास र उपयोग गर्न आवश्यक योजना तर्जुमा गर्ने।
– अन्त्यमा आन्तरिक नियन्त्रण प्रणाली कार्यसञ्चालनका जोखिम न्यूनीकरण गरी सङ्गठनको उद्देश्य प्राप्तिमा सहयोग गर्न महत्त्वपूर्ण व्यवस्थापकीय औजार हो। कोसो फ्रेमवर्कका पाँच अन्तरसम्बन्धित तत्त्वको प्रभावकारी कार्यान्वयन तथा शासकीय र उच्च व्यवस्थापकीय तहका पदाधिकारीको स्पष्ट भूमिका र प्रतिबद्धताबाट आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बन सक्छ।

२. **नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम नेपाल राष्ट्र बैङ्क स्थापना गर्नुका उद्देश्य उल्लेख गर्दै बैङ्कले गर्न नहुने कार्य प्रस्तुत गर्नुहोस्।**
उ. नेपालमा केन्द्रीय बैङ्ककका रूपमा काम गर्न नेपाल राष्ट्र बैङ्ककको स्थापना गरिएको छ। यस बैङ्ककले नेपाल सरकारको बैङ्कर, सल्लाहकार तथा वित्तीय एजेन्टको रूपमा काम गर्दछ। नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ४ मा उल्लेख भएबमोजिम नेपाल राष्ट्र बैङ्क स्थापनाका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण र व्यवस्थापन : आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासका निमित्त मूल्य र शोधानान्तर स्थिरता कायम गर्नका लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने।

ख) बैङ्किङ्ग तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि : वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैङ्किङ्ग तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैङ्किङ्ग तथा वित्तीय प्रणालीप्रतिको विश्वसनीयता अभिवृद्धि गर्ने।

ग) सबल भुक्तानी प्रणालीको विकास : सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने।

नेपाल राष्ट्र बैङ्ककले गर्न नहुने कार्यहरू
ऐनमा उल्लेखित उद्देश्य प्राप्त गर्न केन्द्रीय बैङ्ककको स्वतन्त्रता तथा स्वायत्तताको मान्यतासमेतका आधारमा नेपाल राष्ट्र बैङ्क ऐनमाफंत नेपाल राष्ट्र बैङ्ककका विभिन्न काम, कर्तव्य र अधिकारहरू निर्धारण गरिएको छ। यसका साथसाथै ऐनमा व्यवस्था गरिएबाहेक बैङ्ककले देहायका कार्य गर्न नहुने भनी उल्लेख गरिएको छ :
– कुनै कर्जा प्रदान गर्ने, कुनै किसिमको निक्षेप राख्ने वा कुनै किसिमको उपहार दिने,
– कुनै वाणिज्य बैङ्क, वित्तीय संस्था, सार्वजनिक संस्थान वा कम्पनीको सेयर खरिद गर्ने,
– अन्य कुनै किसिमले कुनै वित्तीय, व्यापारिक, कृषि, औद्योगिक वा अन्य संस्थामा स्वामित्वसम्बन्धी अधिकार प्राप्त गर्ने,
– कुनै किसिमको व्यापार गर्ने,
– आफ्नो उद्देश्य पूरा गर्न आवश्यक पर्ने सम्पत्ति प्राप्त गर्नेबाहेक स्थिर गरेर, भाडामा लिएर वा कुनै तरिकाबाट घर अचल सम्पत्तिमाथि अधिकार प्राप्त गर्ने।
– अन्त्यमा मौद्रिक तथा विदेशी विनिमय नीति व्यवस्थापनका माध्यमबाट मुलुकमा मूल्य स्थिरता, वित्तीय प्रणालीप्रतिको विश्वसनीयता र सुरक्षित भुक्तानी प्रणालीको विकासमार्फत अर्थतन्त्रको स्थायित्व र दिगो विकासमा योगदान पुऱ्याउने मुख्य जिम्मेवारी केन्द्रीय बैङ्कमा रहन्छ। नेपाल राष्ट्र बैङ्ककले यही जिम्मेवारी पूरा गर्न कानुनद्वारा अधिकारका पूर्ण तथा कानुनले निर्धे गरेका व्यापारिक तथा स्वामित्वसम्बन्धी कार्यबाट अलग रहनु आवश्यक छ।

३. **राष्ट्रिय सुरक्षाका आधारभूत विशेषता उल्लेख गर्दै राष्ट्रिय सुरक्षा परिषद्को संरचना जानकारी गराउनुहोस्।**
उ. राष्ट्रिय सुरक्षा राष्ट्रको सार्वभौमिकता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै राज्य, समाज र नागरिकको अस्तित्व, विकास र समृद्धि सुनिश्चित गर्ने बहुआयामिक अवधारणा हो। परम्परागत रूपमा राष्ट्रिय सुरक्षा केवल सिमानाको सुरक्षा र बाह्य आक्रमणको प्रतिरक्षासँग सम्बन्धित रहँदै आएकोमा राष्ट्रिय सुरक्षाको आधुनिक अवधारणाले मानवीय, आर्थिक, वातावरणीय तथा प्रविधिजन्य सुरक्षालाई समेत समेटेको पाइन्छ। यसरी परम्परागत रूपमा राष्ट्रिय सुरक्षाको राज्यकेन्द्रित र सैन्यशक्तिकेन्द्रित अवधारणा हाल आएर क्रमशः मानवकेन्द्रित र बहुआयामिक अवधारणामा परिवर्तन भएको पाइन्छ।

राष्ट्रिय सुरक्षाका आधारभूत विशेषताहरू :
– राष्ट्रिय सुरक्षा बहुआयामिक अवधारणा हो, यससे राजनीतिक, सैनिक, मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक, वातारणीय, प्रविधिजन्य सुरक्षातगायतका विविध पक्ष समेटेको हुन्छ,
– यसको क्षेत्र व्यापक हुन्छ, यससे राष्ट्रको सार्वभौमिकता, भौगोलिक अखण्डतासँगै नागरिक, सामाजिक समूह तथा समग्र राष्ट्रका मूल्य, आवश्यकता र हितको संरक्षण गर्छ,
– राष्ट्रिय सुरक्षाका आन्तरिक सुरक्षा र बाह्य सुरक्षा गरी मुख्य दुई आयाम हुन्छन्। मुलुकभित्रको शान्ति, सुव्यवस्था, एकता र स्थायित्व आन्तरिक सुरक्षाको विषय हो भने बाह्य हस्तक्षेप, आक्रमण र चुनौतीबाट राष्ट्रको सुरक्षा गर्ने विषय बाह्य सुरक्षासँग सम्बन्धित हुन्छ,
– मुलुकमा शान्ति, सुव्यवस्था, विकास र समृद्धि जस्ता शासकीय लक्ष्य हासिल गर्न राष्ट्रिय सुरक्षा महत्त्वपूर्ण आधारका रूपमा रहेको हुन्छ,
– राष्ट्रिय सुरक्षाको प्रत्याभूति दिलाउनु राज्यको प्रमुख कार्य अन्तर्गत पर्दछ, राष्ट्रिय सुरक्षाको सुनिश्चितका लागि राज्यका निकाय, नागरिक, सामाजिक संस्था, निजी क्षेत्र तथा विकास साझेदारको समन्वय र सहकार्य आवश्यक हुन्छ,
– यो गतिशील प्रकृतिको हुन्छ। राष्ट्रिय परिवेश, समय र परिस्थित अनुकूल राष्ट्रिय सुरक्षाका प्राथमिकता परिवर्तन भइरहन्छ,
– राष्ट्रिय सुरक्षा अन्तर्विषयगत प्रकृतिको हुन्छ। राष्ट्रिय सुरक्षाको सुनिश्चितका लागि राजनीति, कूटनीति, सैन्यविज्ञान, अर्थशास्त्र, वातावरण तथा प्रविधि जस्ता विषयको एकीकृत दृष्टिकोण आवश्यक पर्छ।

राष्ट्रिय सुरक्षा परिषद्को संरचना
– नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली सेनाको परिचालन वा नियन्त्रण गर्न नेपाल सरकार, मन्त्रीपरिषद्लाई सिफारिस गर्न देहायबमोजिमको राष्ट्रिय सुरक्षा परिषद् रहने व्यवस्था छ। रक्षा मन्त्रालयका सचिवले राष्ट्रिय सुरक्षा परिषद्को सरसचिव भई काम गर्ने व्यवस्थासँगै राष्ट्रिय सुरक्षा परिषद्मा एक जना अध्यक्ष, छ जना सदस्य र एक जना सदस्यसचिव रहने कुरा स्पष्ट हुन्छ।
क) प्रधानमन्त्री – अध्यक्ष
ख) नेपाल सरकारको रक्षामन्त्री – सदस्य
ग) नेपाल सरकारको गृहमन्त्री – सदस्य
घ) नेपाल सरकारको परराष्ट्रमन्त्री – सदस्य
ङ) नेपाल सरकारको अर्थमन्त्री – सदस्य
च) नेपाल सरकारको मुख्य सचिव – सदस्य
छ) प्रधान सेनापति, नेपाली सेना – सदस्य
अन्त्यमा राष्ट्रिय सुरक्षा राष्ट्रको सार्वभौमिकता र असल्ग्दताको रक्षासँगै नागरिकको जीवन, स्वतन्त्रता, राष्ट्रिय पहिचान, सामाजिक सद्भाव, आर्थिक समृद्धि र दिगो विकास सुनिश्चित गर्न बहुआयामिक र गतिशील प्रक्रिया हो। नेपालको संविधानमा राष्ट्रिय सुरक्षासम्बन्धी छुट्टै भागको प्रबन्ध गरी समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा गर्न नेपाल सरकारको सहयोगी निकायका रूपमा राष्ट्रिय सुरक्षा परिषद् गठन हुने व्यवस्था गरिएको छ। यसबाट राष्ट्रिय सुरक्षाको विषयलाई संविधानले उच्च महत्त्व दिएको कुरा बुझ्न सकिन्छ।

४. **नेपालको संविधानमा उल्लेख भएबमोजिम प्रदेश सभाको गठन क्सरी हुन्छ ? गठन प्रक्रिया लेख्नुहोस्।**
उ. प्रदेश सभा प्रदेश सरकारको व्यवस्थापकीय अङ्ग हो। यो एक सदनात्मक सभा हो। नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेपश्चात् प्रत्येक प्रदेशमा प्रदेश सभाहरू गठन भई क्रियाशील रहँदै आएका छन्। संविधानको धारा १७६ मा प्रदेश सभा गठन सम्बन्धमा निम्न व्यवस्था रहेको छ :

प्रदेश सभा गठन प्रक्रिया :
– सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा